नाम्रुङमा पनि डिपो थप गर्न माग गरी पत्राचार गरेको समितिका संयोजक प्रमुख जिल्ला अधिकारी (सीडीओ) जितेन्द्र बस्नेतले जानकारी दिए।

हिमालपारि पर्ने चुमनुब्री सडकले नछोएको गाउँपालिका हो। उक्त क्षेत्रमा स्थानीय उत्पादनले तीन महिना पनि नथेग्ने भएकाले खाद्यान्न पुर्‍याउन डिपो थप गर्न खोजिएको सीडीओ बस्नेतले बताए। 'चुमनुब्री गाउँपालिकाका गाउँहरूमा सडक पुगेको छैन। अहिले पनि त्यहाँ खच्चडबाट खाद्यान्न बोकाएर लैजानुपर्छ', उनले भने, 'स्थानीय उत्पादन पनि अति कम हुने त्यस भेगमा सरकारी ढुवानीको खाद्यान्न पुर्‍याउन सके दुर्गमका बासिन्दालाई राहत हुन्छ भन्ने हाम्रो सोचाइ हो। त्यसैले डिपोको राख्न माग गरेका छौं।'

देशभरका हिमाली जिल्लामा डिपो थपघट गर्नेबारे विज्ञहरूको टोली गोरखाको अनुगमन आएका बेला उक्त माग गरी पठाएको गोरखास्थित खाद्य संस्थान शाखा कार्यालयले जनाएको छ। 'फिलिम र नाम्रुङमा दुई/दुई हजार क्विन्टल क्षमताका डिपो राख्न प्रस्ताव गरी पठाइएको छ', शाखा प्रमुख मोहन बजगाईंले भने, 'माछाखोलामा यसअघि दुई हजार क्विन्टल आउने गरेकोमा अहिले तीन हजार पाँच सय क्विन्टल माग गरी पठाएका छौं।'

माछाखोला सडक सञ्जालले जोडिने अवस्थामा रहेकाले उक्त डिपो हटाउने विषयमा पनि छलफल भएको थियो। 'तर माछाखोलाबाट केरौंजा, काशीगाउँ, उहिया, सिङ्ला, रुञ्चेतजस्ता सडक नपुगेका दुर्गम गाउँमा खाद्यान्न पुर्‍याउने केन्द्र माछाखोला नै उपयुक्त हुने ठहर भएकाले उक्त डिपो कटौती गरिएन। बरु कोटा बढाइएको छ।'

फिलिम डिपोबाट साबिकका सिर्दिबास, सामागाउँ, ल्हो, प्रोक, चुम्चेत र छेकम्पारसम्म चामल वितरण गर्ने भने पनि सिर्दिबासमा मात्रै वितरण हुँदै आएको छ।


**गणेशमान चारनाथ नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

प्रदेश नं. २, वीरेन्द्रबजार, धनुषा।

## चारनाथ खोलाबाट यस आ.व.को बाकी अवधिको (फाल्गुण, चैत्र, बैशाख, जेठ महिना) लागि ढुंगा, वालुवा, गिटी रोडाको बिक्री करको ठेक्का बन्दोबस्तको सिलवन्दी बोलपत्र आहवानको सूचना।

(प्रथम पटक प्रकाशित मिति २०७४।१०।१५)

यस कार्यालयबाट स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ बमोजिम गणेशमान चारनाथ नगरपालिका वीरेन्द्रबजार, धनुषाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा, गिटी, वालुवा, ग्राभेल रोडाको बिक्री कर नगर स्तरीय राजश्व परामर्श समितिको मिति २०७४/१०/१२ को सिफारिश र यस नगरकार्यपालिकाको निर्णयानुसार निम्न दररेटमा तपसिल बमोजिमको खोला र नदीबाट तोकिएको परिमाणमा बिक्रीकर संकलन सम्वन्धी ठेक्का बन्दोवस्त गर्नु परेकोले बोलपत्रदाताको नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र तथा २०७३।०७४ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपीहरू पेश गरी इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट सिलवन्दी वोलपत्र आहवानको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्काको किसिम | उठाउन पाउने परिमाण | दररेट | न्यूनतम ठेक्का अंक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | चारनाथ र बालुवा खोलाबाट ढुंगा, गिट्टी, वालुवा र रोडाको बिक्री कर | ९,९०,००० क्यू.वि.फिट | रू. २ प्रति क्यू.बि.फिट. | १९,८०,०००।- (मू.अ.कर बाहेक) | १०००।०० |

शर्तहरू :

१. विक्रिकर २०७४ फाल्गुण ५ गते देखि २०७५ जेष्ठ मसान्त सम्म संकलन गर्न सकिने छ।
२. दरभाउ वोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सक्नेछ र खरिद भएका बोलपत्रहरू १६ औं दिन दिनको १२ : ०० बजे सम्म कार्यालयमा दर्ता गर्न सक्नेछ।
३. बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनमा क्रमशः अन्तिम दिन र सोही समयलाई मानिनेछ।
४. प्राप्त हुन आएका बोलपत्रहरू १६ औं दिन दिनको २ :०० बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरू र बोलपत्र दाताहरूको प्रतिनिधिको रोहबरमा खोलिनेछ। साथै, बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन।
५. बोलपत्र दाताले दर्ता गर्दा आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक भानु चौक जनकपुरमा रहेको हि.नं. कोड नं. १७-३६५-१४ ग-३ धरौटी-१२२०३०३००७११० मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ।
६. ठेक्का सम्झौता भै सकेपछि बन्द, हडताल वा कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा माफि दिइने छैन्। तर ठेक्केदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एक मुष्ट बुझाएमा ५ प्रतिशत स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७० बमोजिम छुट दिन सक्निेछ।
७. नदी वा खोलामा उत्खनन वा संकलन गर्न हेवी इक्युपमेन्टको प्रयोग गर्न पाईने छैन।
८. ढुंगा, वालुवा, गिट्टी, ग्राभेल, रोडा बिक्री तथा निकासीको हकमा नजिकमा पर्ने खोला, नाला, प्राकृतिक धारा किनारा, घाट पुल, पुलेसा, लोक मार्ग जस्ता सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी पुलको ५०० मी. उत्तर र दक्षिण छोडेर मात्र ढुंगा, वालुवा, गिट्टी, रोडा, ग्राभेल उठाउन पाईनेछ।
९. नदीको दुवै किनार २५-२५ प्रतिशत भाग छोडी ढुङ्गा, गिट्टी, वालुवा संकलन गर्न पाईनेछ।
१०. वन क्षेत्रबाट बालुवा, ढुङ्गा, गिट्टी उत्खनन विक्री गर्न पाईने छैन।
११. ठेक्का स्वीकृत भए पश्चात कवोल रकमको नियमानुसार १३ प्रतिशत भ्याट र १.५ प्रतिशत अग्रिम आयकर रकम ठेक्केदारले आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्नेछ।
१२. यस सूचनामा उल्लेख भएका कुराहरू यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
१३. ठेक्काका अन्य शर्तहरू यस कार्यालय मार्फत जानकारी हुने र बोलपत्र फारम खरिद गर्दा उपलब्ध गराईने छ।

**डिकबहादुर कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**